# जानकी गाउँपालिका

Janaki Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural-Municipal Executive

खजुराखुर्द , बाँके

(Khajurakhurda, Banke)

लुम्बिनी प्रदेश, नेपाल

(Lumbini Province, Nepal)

**आ.व.**(Fiscal year ):-०७७/७८

**च.नं.**(Reference no.):-

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धि सूचना

(सूचना प्रकाशित मिति २०७७/१०/१६)

यस जानकी गाउँपालिकाको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अब्यबस्थित बसोबासको विवरण र तथ्यांक संकलन इकाईको लागि तपसिल बमोजिमका कर्मचारीहरु सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकाले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | बिज्ञापन नं | पद | तह/श्रेणी | सेवा/समुह | माग पद संख्या |
|---|---|---|---|---|---|
| १. | ०५/२०७७-७८ | सर्भेक्षक | सहायक पाँचौ | इन्जिनियरिंग | १ |
| २. | ०६/२०७७-७८ | लगत प्रबिस्टिकर्ता | सहायक पाँचौ | बिबिध | १ |
| ३. | ०७/२०७७-७८ | अमिन | सहायक चौथो | इन्जिनियरिंग | २ |
| ४. | ०८/२०७७-७८ | तथ्यांक संकलक | सहायक चौथो | आ.यो.त. | ६ |
| ५. | ०९/२०७७-७८ | सामाजिक परिचालक | सहायक चौथो | बिबिध | १ |
| ६. | १०/२०७७-७८ | कार्यालय सहयोगी | श्रेणी बिहिन | प्रशासन | २ |

**१. परिक्षाको किसिम:** शैक्षिक योग्यता,अनुभवको आन्तरिक मुल्यांकन,सिप परिक्षण(लगत प्रबिस्टिकर्ताको हकमा) र अन्तर्वार्ता।

**२. उमेर:** पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ बर्ष ननाघेको, महिलाको हकमा ४० बर्ष ननाघेको नेपाली नागरिक।

**३. दरखास्त बुझाउने स्थान:** जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बाँके।

**४. दरखास्त दिने अन्तिम मिति:** २०७७/१०/२२ गते कार्यालय समय भित्र।

**५. दरखास्त फारम पाइने स्थान:** जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बाँके।

**६. आबेदनको साथमा पेश गर्नु पर्ने कागजातहरु:**आफैले प्रमाणित गरि तपसिल अनुसार।

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी।

ख) न्युनतम योग्यताको लब्धांक पत्र र चारित्रिक प्रमाण पत्रको प्रतिलिपी।

ग) अनुभव खुल्ने कागजात (अनुभव भएमा)।

घ) ३ प्रति पासपोर्ट साइजको फोटो।

०७७/१०/१६

बम बहादुर राना

प्रमुख प्रशासकीय अधिकृत

**७. सेवा सुबिधा:** जानकी गाउँपालिकाको नियमानुसार।

८. आबश्यक न्युनतम शैक्षिक योग्यता:

**क) सर्भेक्षक, सहायक पाँचौं:** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित बिषय लिई एस.एल.सी./एस.ई.ई. वा सो सरह उतिर्ण गरि सर्भे वा जियोमेटिक्स बिषयमा तिन बर्षे प्रविणता प्रमाण पत्र सरहको डिप्लोमा उतिर्ण वा बिज्ञान ( फिजिकल समुह ) वा भूगोल बिषय लिई प्रमाण पत्र तह उत्तीर्ण गरि कम्तिमा एक बर्षको जुनियर नापी तालिम प्राप्त गरेको |

**ख) अमिन, सहायक चौथो:** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित बिषय लिई एस.एल.सी./एस.ई.ई. वा सो सरह उतिर्ण गरि सर्भे वा जियोमेटिक्स बिषयमा कम्तिमा एक बर्षको तालिम प्राप्त गरेको |

**ग) तथ्यांक संकलक, सहायक चौथो:** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरि तथ्यांक संकलक सम्बन्धी काम गरेको कम्प्युटरमा बेसिक तालिम प्राप्त गरेको |

**घ) लगत प्रबिस्टिकर्ता, सहायक पाँचौं:** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर बिषयमा तिन बर्षे प्रविणता प्रमाण पत्र सरहको डिप्लोमा उतिर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह वा (१०+२) उत्तीर्ण गरि रजिस्टर्ड संस्थाबाट कम्तिमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह वा (१०+२) उत्तीर्ण गरि बिज्ञान प्रबिधि मन्त्रालयबाट Semi Skilled Man Power को लागि संचालित ६ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको |

**ङ) सामाजिक परिचालक, सहायक चौथो:** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./ एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको |

**च) कार्यालय सहयोगी, श्रेणी बिहिन:** कम्तीमा ८ कक्षा उत्तीर्ण गरेको नेपाली नागरिक |

९. **दरखास्त दस्तुर:** सहायक पाँचौको लागि रु.८००|- , सहायक चौथोको लागि रु.५००|- र कार्यालय सहयोगीको लागि रु.३००|- मात्र |

**१०. परिक्षा मिति :** २०७७/१०/२४ गते शनिवार |

**११. काम गर्नु पर्ने स्थान :** जानकी गाउँपालिका कार्यालय र अन्तर्गतका वडाहरु |

१२. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको |

१३. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको |

**१४. काम गर्नु पर्ने समयावधी :** तथ्यांक संकलकको लागि ३ महिना र अन्य पदको हकमा बढीमा ६ महिना सम्म (आवश्यकता अनुसार म्याद थप गर्न सकिने छ) |

०७७/१०/१६

बम बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत